## बाल सहभागिता र सशक्तिकरणका लागि

## बाल क्लब

बालबालिकाहरुको आफु र आफ्नो जीवनमा प्रत्यक्ष असर पर्ने कुनै पनि पारिवारिक, सामाजिक तथा नितिगत निर्णय र कार्यक्रमहरुमा आफ्नो विचार ब्यक्त गर्न पाउने तथा सकृय रुपमा सहभागी हुन पाउने अधिकारलाई बाल अधिकार सम्बन्धि महासन्धिले बालबालिकाहरुको सहभागिताको अधिकार भन्दछ । यस अन्तर्गत बालबालिकाहरुले विद्यालय, सामाजिक, साँस्कृतिक तथा सृजनात्मक कार्यक्रमहरुमा सँगठित रुपमा सहभागी हुने अधिकार पनि पर्दछ । साथसाथै बालबालिकाहरुले आफ्नो सँगठन खोल्ने र सँगठन मार्फत विभिन्न रचनात्मक तथा जनचेतनामुलक एवं दबाबमुलक कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार पनि पर्दछ । हाम्रो देशले पनि बाल अधिकार सम्बन्धि महासन्धि र यसका ऐच्छिक प्रलेखहरु तथा यस सम्बन्धि अन्तर्राष्ट्रिय निति तथा कर्यक्रमहरुलाई अनुमोदन गरेको छ र राष्ट्रिय निति तथा कार्यक्रमहरु र कानुनहरु पनि निर्माण गरेको छ । त्यसैले हाम्रो देशका बालबालिकाहरुको पनि समान रुपमा सबै जनाको सहभागिता हुने र सँगठन खोल्न पाउने अधिकार रहेको छ ।

**बाल क्लब (बाल समुह)**

बाल अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यका साथ विभिन्न सृजनात्मक, जनचेतनामुलक तथा दबाबमुलक कार्यक्रमहरु सञ्चालन गर्नका लागि स्वयं बालबालिकाहरु नै सँगठित भएको समुह नै बाल क्लब हो । बाल क्लब भनेको दुई वा सो भन्दा बढी बालबालिकाहरुले निश्चित उद्देश्य लिएर गठन गरेको समूह हो । यसमा स्थानीय परिवेश र समूहको उद्देश्य हेरी विभिन्न उमेर समूहका बालबालिका समावेश हुन सक्छन् ।

बालबालिकाहरूको सहभागिता गर्न पाउने तथा व्यक्तित्व विकास गर्ने अधिकारको व्यवहारिक कार्यान्वयन गर्नका लागि बालबालिकाहरूलाई संगठित गरेर बनाइएको समुह नै बाल समूह हो । बालबालिकाहरूको आत्मबलको विकास गर्नको लागि बालक्लबले ठूलो भूमिका खेल्नसक्छ ।

**बाल क्लब किन चाहिन्छ ?**

हामी बालबालिकाहरुको लागि बाल क्लब अत्यन्तै महत्वपुर्ण र आवश्यक मञ्च हो । यसको धेरै फाइदाहरु छन् । बाल क्लबमा सदस्य बन्ने वा नयाँ बाल क्लब गठन गरी विभिन्न क्रियाकलापहरुमा सकृय सहभागी हुँदा निम्न फाइदाहरु हुन सक्छ :

- हाम्रो बोल्ने, लेख्ने सिपमा विकास हन सक्छ
- हाम्रो नेतृत्व सिपको विकास हन सक्छ
- हामी बालबालिकाहरुमाफ मेलमिलापको भावना बढाउन मद्दत पग्छ
- एउटै वा उस्तै समस्या वा सवाल भएकासाथीभाइहरुबीच विचार, अनुभव आदानप्रदान गर्न पाइन्छ ।

- विभिन्न विषय वा समस्याहरुमा छलफल गर्न र जानकारी आदानप्रदान गर्न पाइन्छ
- एक्लैले पूरा गर्न नसक्ने काम गर्न वा समस्या समाधान गर्न वा पिरमर्का हटाउन एक अर्काको सहयोग सल्लाह लिने दिने ठाउँ हन्छ ।
- बलबालिकाहरुमाभ्रm विभन्न नाममा हुन सक्ने भेदभाव, हिंसा तथा दुर्व्यबहार हटाउन मद्दत पुग्छ ।
- दुर्व्यबहार, हिंसा तथा शोषणको शिकार हन पगेका, टुहुरा, अशक्त र फरक क्षमता भएका बालबाकिलाहरुलाई सहयोग गर्न सकिन्छ ।
- परिवार, समुदायलाई विभिन्न अधिकार तथा बालबालिका र सामाजिक विषयहरुमा चेतना जगाउन सकिन्छ ।
- बालबालिकाप्रति गरिने अमानवीय व्यवहारको सामहिक तथा सँगठित विरोध वा प्रतिरोध गर्न सकिन्छ ।
- संगठित रुपमा विभिन्न सामुदायिक विकासका क्रियाकलापहरुमा सहभागि हुन पाइन्छ ।
- बालबालिकाको सहभागिताको अधिकारको संरक्षण र सम्वर्द्धन हुन्छ ।

त्यसैले हामी बालबालिकाहरुको सामाजिक तथा भावनात्मक विकासका लागि र क्षमता विकासका लागि पनि विद्यालय तथा समुदायमा बाल क्लबहरु गठन गर्न र विभिन्न बाल अधिकार सम्बन्धि कार्यक्रमहरु गर्न जरुरी छ ।

**बल क्लब कसरी गठन गर्ने ?**

समूह गठन गर्नका लागि पहिले यसको साधारण सदस्य बन्नुपर्छ । साधारण सदस्य बनिसकेपछि क्लबका सहयोगी बयस्क तथा साधारण सदस्यहरुको छलफलबाट निशिचत संख्याको जस्तै : ७ जना देखि १५ जना सम्मको एउटा कार्यसमिति गठन गरिनेछ । सामान्यतया समूहमा बस्ने बालबालिका १६ वर्ष भन्दा माथिको हुनुहुँदैन । क्लबको कार्यसमितिको संख्या धेरै भएमा बैठक बस्न नै कठिन हुन्छ । यसरी बनेको कार्यसमितिमा न्यनुतम पनि ४० प्रतिशत बालिका अनिवार्य रुपले संगठित गरिनु पर्छ । समूहको साधारण सदस्य जति पनि बन्न सक्ने छन् । कार्यसमितिमा सकेसम्म ९ वर्ष देखि माथि १६ वर्ष मुनिका बालबालिकाहरुलाई सँगठित गर्नु उपयुक्त हुन्छ । बालबालिकाहरु आफैले सरसल्लाह गरेर क्लबको नाम राख्नु उपयुक्त हुन्छ ।

**बालक्लब र सहयोगी संघसंस्थाहरू**

बालक्लब एउटा संस्था हो । जसरी एउटा व्यक्तिले आफ्ना आवश्यकताहरू पूरा गर्न अरुको सहयोग लिनुपर्दछ त्यसरी नै क्लबले गर्ने भनेर सोचेका सबै कार्यहरू उसले एक्लै गर्न नसक्ने स्थिति पनि हुनसक्छ । कैयौं कामहरू गर्नका लागि अन्य संघ संस्थाहरूको सहयोग लिनैपर्ने हुन्छ । यसैले संस्थागत रूपले काम गर्ने गर्दा अरुको सहयोग लिनका लागि सर्वप्रथम क्लबका सहयोगी संस्थाहरू कुन-कुन हुन् भनेर पहिचान गर्नुपर्दछ । सामान्यतया बालक्लबका सहयोगी संस्थाहरू निम्न हुन सक्दछन् :

- वडा कार्यालय गाउँ विकास समिति/नगरपालिका
- स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी,
- विद्यालय, तथा शिक्षक अभिभावक संघहरु, शिक्षक सँगठनहरु
- प्रहरी चौकी तथा जिल्ला बालकल्याण समिति
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला विकास समिति
- पत्रकारहरू र उनीहरुका संघ सँगठनहरु
- अन्य क्लबहरू
- बालअधिकारसँग सम्बद्ध भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू
- बालअधिकारप्रति चासो राख्ने गैरसरकारी संस्था तथा अन्य संस्थाहरू

**सिविसले कस्तो बाल क्लबलाई सहयोग गर्दछ ?**

सिविसले सबैखाले बाल क्लबहरुलाई सम्मान गर्दछ । तर पनि आफ्नो श्रोत र साधनको सिमितताको कारणले र यो संस्था मुख्य रुपमा बाल श्रममा केन्द्रित भएकोले पनि काठमाडौं उपत्यकाभित्र गठन भएका बाल श्रमिकहरु विशेषत घरेलु बाल श्रमिकहरुले गठन गरेको बाल क्लबलाई सहयोग गर्दछ । यसको लागि संस्थाको साधारण सदस्य तथा कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष लगायत न्यनुतम पनि ८० प्रतिशत घरेलु बाल श्रमिकहरु हुनुपर्दछ । त्यसमा पनि ५० प्रतिशत बालिकाहरु सहभागी भएको हुनुपर्दछ ।

**सिविसले बाल क्लबको कस्ता कार्यक्रमहरुलाई सहयोग गर्दछ ?**

सिविसले बालबाबलिकाको सृजनात्मक तथा जनचेतनामुलक कार्यक्रमहरुलाई सहयोग गर्दछ । बाल क्लबले आयोजना गर्ने कार्यक्रमहरु मुख्य रुपमा बाल अधिकार, बाल श्रम, बाल यौन दुर्व्यबहार, हिंसा, एच. आइ. भी. र एड्स तथा अन्य बालबालिका विरुद्द हने हिंसा र दुर्व्यबहारसँग सम्बन्धित कार्यक्रमहरु जस्तै वक्तृत्वकला, हाजिरजवाफ, चित्रकला, कवीता प्रतियागीता, अभिभवक सचेतना, भित्ते पत्रिका प्रकाशन, कक्षा अभिमखिकरण, अभिभावक अन्तर्क्रिया, शिक्षक अन्तर्क्रिया आदि कार्यक्रमहरुका लागि सहयोग गर्दछ । यसरी कार्यक्रमको लागि सहयोग लिन विद्यालयमा गठन भएको बाल क्लब भएमा सम्बन्धित विद्यालयको कार्यक्रम स्विकृती पत्र तथा स्थानीय समुदायको बाल क्लब भएमा आफु आवद्द भएको निकाय जस्तै गा.वि.स., नगरपालिका तथा सामुदायिक समितिहरुको स्विकृती पत्र संलग्न हुनुपर्दछ ।

**सिविसमा आवद्द हुन बाल क्लबले के गर्नुपर्दछ ?**

माथी भनिए जस्तो मापदण्ड पुगेका बाल क्लबहरुले सिविसमा उपलब्ध हुने बाल क्लब आवेदन फारम भरी पेश गरेपछी त्यसको बारेमा अध्ययन गरेर सिविसले आवद्दता प्रदान गर्दछ ।

**सिविसको के हो र कहाँ छ ?**

सिविस महिला र बालबालिका तथा समाजमा पछाडी पारिएका समुदायहरुको अधिकार रक्षाको लागि कार्य गर्ने गैर सरकारी संस्था हो । बाल क्लब सम्बन्धि थप जानकारी आवश्यक परेका यसको निम्नलिखित ठेगानामा सम्पर्क राख्न सकिन्छ :

सिविस (समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका)

गंगाहिटी, चावहिल

पो.ब.नं : २१४३३, काठमाडौं

फोन नं.: ०१ ४४७४६४५ र ०१ २०६१२१३

इ मेल : cwish@wlink.com.np